MAYUR
Date
Page

बैठक संख्या:

आज मिति २०७७ साल चैत्र २५ गते बुधबारका दिन घ्याङलेख गाउँकार्यपालिकाको बैठक अध्यक्ष श्री जगत बहादुर भोलनज्यूको अध्यक्षतामा बसी निम्नानुसारका निर्णय गरियो ।

**उपस्थिति**

| क.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री जगत बहादुर भोलन | अध्यक्ष | |
| २ | श्री दुर्गादेवी सुनुवार | उपाध्यक्ष | |
| ३ | श्री रामकाजी वाइबा | सदस्य | |
| ४ | श्री एक बहादुर खड्का | सदस्य | |
| ५ | श्री कृष्ण बहादुर थिङ | सदस्य | |
| ६ | श्री चक्रबहादुर पाखिन | सदस्य | |
| ७ | श्री विष्णु कुमार कर्माचार्य | सदस्य | |
| ८ | श्री जेसुन्दरी मायावाइबा | सदस्य | |
| ९ | श्री यम कुमारी दमाई | सदस्य | |
| १० | श्री जानुकाथापा मगर | सदस्य | |
| ११ | श्री हिमालीमायावि.क. | सदस्य | |
| १२ | श्री गंगामायावि.क. | सदस्य | |
| १३ | श्री सुन मायाथिङ | सदस्य | |
| १४ | श्री सुरेश कुमार अधिकारी | नि. प्रमुख प्रशासकीय अधिकृत (सदस्य सचिव) | |

**अन्यउपस्थिति :**

| क.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री लक्ष्मण दत्त पन्त | प्रशासन सहायक पाचौं | |
| २ | श्री भरतजंग थापा | सहायक स्तर पाचौं | |

राम कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

जगत बहादुर भोलन
अध्यक्ष

MAYUR
Date
Page

# घ्याङलेख गाउँपालिका

## गाउँ कार्यपालिकाको बैठक

### मिति २०७७ चैत्र २५ गते बुधबार

### बैठकका प्रस्ताव तथा निर्णयहरु

**बैठकका प्रस्तावहरु :**

१. अघिल्ला कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा ।

२. गुनासो फछ्र्यौट तथा कार्यालयको सेवा प्रवाह सम्बन्धमा ।

३. चालु आ.व.को योजना कार्यान्वयनको समिक्षा सम्बन्धमा ।

४. गा.पा को वार्षिक खरिद योजना अनुमोदन गर्ने सम्बन्धमा ।

५. गा.पा को कार्य संचालन निर्देशिका स्वीकृत गर्ने सम्बन्धमा ।

६. वडा कार्यालयमा वडा अध्यक्ष अनुपस्थित हुँदा निजले दिने सेवाको जिम्मेवारी सहितको वैकल्पिक व्यवस्था सम्बन्धमा ।

७. एकिकृत घुम्ती सेवा संचालन गर्ने सम्बन्धमा ।

८. न्यायिक समितिमा परेका उजुरी र उजुरी फछ्र्यौट गर्ने सम्वन्धमा ।

९. मेलमिलाप केन्द्रको व्यवस्थापन सम्वन्धमा ।

१०. बालमैत्री, अपाग मैत्री योजना सचालन तथा सो अनुसार भएका वडालाई बालमैत्री अपाग मैत्री वडा घोषणा गर्ने सम्बन्धमा ।

११. गाउँपालिका भित्र निर्माण हुने भवन तथा संरचनाहरुको नक्सा पास गर्ने सम्बन्धमा ।

१२. ढुंगा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धमा ।

१३. फोहोरमैला व्यवस्थापन गर्ने सम्बन्धमा ।

१४. छुवाछुत, सामाजिक कुरीतिको उजुरी सम्वन्धमा ।

१५. टोल विकास संस्था गठन गर्ने सम्बन्धमा ।

१६. लैगिक उत्तरदायि बजेट परिक्षण गर्ने सम्बन्धमा ।

१७. अन्तर सरकार अन्तर स्थानीय तह समन्वय गर्ने सम्बन्धमा ।

१८. स्थानीय तहको संस्थागत क्षमता स्वमूल्यांकन कार्यविधि, २०७७ मा उल्लेख भएका प्रमाणिकरणका आधार अनुसारका ऐन, नियम, नीति, कार्यविधि, निर्देशिका मापदण्ड, बिस्तृत योजना प्रतिवेदन, वातावरणीय परीक्षण प्रतिवेदन तयारी तथा कार्यान्वयन गर्ने सम्बन्धमा ।

राम कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

जगत बहादुर भोलन
अध्यक्ष

१९. कृषि सामग्री तथा मल वितरण व्यवस्थापन सम्बन्धमा ।

२०. निकासी पैठारी व्यवस्थापन सम्बन्धमा ।

२१. विविध सम्बन्धमा ।

## निर्णयहरु:

**निर्णय नं. १ :-** प्रस्ताव नं. १ माथि छलफल गर्दा यस अघि भए गरेका निर्णयहरुको समिक्षा गरी कार्यन्वयन भएको तथा कार्यान्वयन हुन बाँकी निर्णयहरुलाई यथासिघ्र कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ :-** प्रस्ताव नं. २ माथि छलफल गर्दा गाउँपालिका कार्यलय तथा वडा कार्यालयहरुमा ईन्टरनेटको क्षमता अझ अभिवृद्धि गर्न सेवा प्रदायक संस्थासँग छलफल निर्णय गरियो ।

**निर्णय नं. ३ :-** प्रस्ताव नं. ३ माथि छलफल गर्दा अहिलेसम्मको योजना कार्यान्वयनको समिक्षा गर्दै वडामा खटाइएका प्राविधिक कर्मचारीहरुलाई सम्बन्धित वडामा रही काम गर्न ताकेता गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ :-** प्रस्ताव नं. ४ माथि छलफल गर्दा चालु आ.व.को खरिद योजना स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. ५ :-** प्रस्ताव नं. ५ माथि छलफल गर्दा मस्यौदा अनुसारको गा.पा.को कार्य सचालन निर्देशिका स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६:-** प्रस्ताव नं. ६ माथि छलफल गर्दा वडा कार्यालयमा वडाध्यक्ष उपस्थित नहुँदा जेष्ठ सदस्यलाई कार्यवाहक दिनु पर्ने नियमको पालना गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७:-** प्रस्ताव नं. ७ माथि छलफल गर्दा बैसाख दोस्रो हप्तादेखि सबै वडाहरुमा १/१ दिन एकिकृत घुम्ती सेवा संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८ :-** प्रस्ताव नं. ८ माथि छलफल गर्दा न्यायिक समितिको गुनासो फटयौंट अधिकारीको जिम्मेवारी प्रमुख प्रशसकीय अधिकृतलाई दिने निर्णय गरियो ।

**निर्णय नं. ९ :-** प्रस्ताव नं. ९ माथि छलफल गर्दा मेलमिलाप केन्द्र व्यवस्थापनको लागि प्रत्येक वडामा आवश्यक स्रोत, साधन, कार्य कक्षको व्यवस्था निर्णय गरियो ।

**निर्णय नं. १० :-** प्रस्ताव नं. १० माथि छलफल गर्दा गाउँपालिकामा अब बन्ने र बन्दै गरेका संरचनाहरु बालमैत्री, अपाङ्ग मैत्री बनाउनुपर्ने तथा वडाहरुलाई बालमैत्री वडा घोषणा गर्ने अभियानमा जोड दिने निर्णय गरियो ।

राम कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

जगत बहादुर भोलन
अध्यक्ष

MAYUR
Date
Page

**निर्णय नं. ११ :-** प्रस्ताव नं. ११ माथि छलफल गर्दा गाउँपालिका भित्र निर्माण हुने भवन तथा संरचनाहरुको नक्सा पासको लागि प्राविधिक जनशक्ति व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२ :-** प्रस्ताव नं. १२ माथि छलफल गर्दा ढुंगा, गिट्टी, बालुवा उत्खनन्, विक्री तथा व्यवस्थापन को लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्न परामर्शदाता छनौटको प्रक्रिया पुरा गरी कार्य थालनी गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३ :-** प्रस्ताव नं. १३ माथि छलफल गर्दा फोहोरमैला व्यवस्थापन गर्न पाँचवटै वडामा डस्टविन राख्ने निर्णय गरियो ।

**निर्णय नं. १३ :-** बाँकी प्रस्तावहरु माथि अर्को बैठकमा छलफल गर्ने निर्णय गरियो ।

जगत बहादुर भोलन
अध्यक्ष